नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं.:

च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८२/१२/१५ गते ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रालयस्तरीय ब्रिफिङ कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा ऊर्जा सचिव, जलस्रोत तथा सिँचाइ सचिव, सहसचिवहरू, विभागीय प्रमुखहरू तथा सम्बन्धित अधिकारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा मन्त्रालयको वर्तमान कार्यसम्पादन, प्राथमिकता तथा मन्त्रालय अन्तर्गत संचालित विभिन्न आयोजना तथा कार्यक्रमहरु उपर विस्तृत छलफल भई माननीय मन्त्रीज्यूबाट देहाय बमोजिमको निर्देशन भयो:

१. नेपाल सरकारद्वारा निर्धारित १०० दिने कार्ययोजनाअनुसार सचिवस्तरमा आवश्यक सल्लाह तथा तयारी प्रक्रिया आजैदेखि सुरु गर्ने।

२. विपद् तथा मौसमको बदलिँदो प्रवृत्तिको अध्ययन ("pattern study") सुरु गर्नुपर्ने आवश्यकता औंल्याइदै सो सम्बन्धी तथ्यांक भविष्यमा मन्त्रालयका लागि महत्वपूर्ण सम्पत्ति हुने गरी कार्य गर्ने।

३. सचिवस्तरमा आन्तरिक बैठक आयोजना गरी प्राथमिकता निर्धारण गर्नुपर्ने र बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेका तथा शीघ्र कार्यान्वयन सम्भव हुने आयोजनालाई प्राथमिकतामा राखे ।

४. सिँचाइ क्षेत्रको समग्र प्रगति, लक्ष्य तथा लक्षित क्षेत्रको स्पष्ट विवरण तयार गर्नुपर्ने र विशेषतः कृषि उत्पादनसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा सिँचाइलाई प्राथमिकता दिने।

५. अघिल्लो आर्थिक वर्षको बजेट तथा खर्च क्षमताको समीक्षा आवश्यक रहेको र प्राविधिक क्षमताको अभावका कारण बजेट खर्च हुन नसकेको अवस्थाको विश्लेषण गर्ने।

६. चालू आर्थिक वर्षको बजेटलाई उत्पादकत्व अभिवृद्धि तथा परिणाममुखी कार्यसँग जोड्ने।

७. प्राथमिकतामा रहेका आयोजनाहरूको कार्यकारी अनुगमन/स्थलगत भ्रमणको तयारी गर्ने र ती आयोजनाहरुको पृष्ठभूमि अध्ययनका आधारमा ढिलाइ, लापरवाही वा अवरोधको पहिचान गरी निराकरणको लागि तत्काल पहल गर्ने।

८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयारीको सन्दर्भमा कार्यसम्पादनलाई थप गतिशील वनाउँदै प्राथमिकतामा आधारित भई गहन छलफल तथा विश्लेषण गर्ने ।

९. चालू आयोजनाहरूमा रहेका अवरोधहरूको पहिचान गरी सूची तयार पार्ने र समाधानका लागि आवश्यक पहल गर्ने।

१०. मन्त्रालयमा उपलब्ध प्राविधिक जनशक्ति तथा अनुभवलाई सकारात्मक रूपमा उपयोग गर्दै परिणाममुखी ढंगले कार्य अगाडि बढाउने।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता